# फारम भर्ने तरिकाः

नोटः(*)लगाईएकाशिर्षकहरु अनिवार्य रुपमा हाल्नु पर्नेछ ।

आफ्नो विवरण अध्यावधिक गर्न यस्तो बटनमा थिच्नुहोला ।

आफ्नो विवरण हटाउन यस्तो बटनमा थिच्नुहोला ।

१. प्रकाशित पदहरूमा आवेदन दिनको लागि सबैभन्दा पहिले तपाई नेपाल खुल्ला विश्वविद्यालयको सिस्टममा दर्ता भएको हुनु पर्नेछ । त्यसको लागि तपाईले नेपाल खुल्ला विश्वविद्यालयको वेवसाइटमा गएर Career मा क्लिक गर्नु भइसकेपछि आउने पेजमा Sign Up मा क्लिक गर्नुपर्नेछ ।




Sign Up मा क्लिक गर्नुभएपछि तलको जस्तै दर्ता फारम खुल्नेछ जहाँ तपाईले आफ्नो विवरणहरू राखेर Save गर्नुपर्नेछ ।



२. तपाईले आफ्नो विवरणहरु राखेर दर्ताको लागि आवेदन दिनुभएपछितपाईलाई तलको झैँ एउटा इमेल आउने छ जहाँ तपाईले आफ्नो इमेल वा मोबाइलबाट आफूलाई प्रमाणित गर्नको लागि चाहिने विवरणहरु संलग्न गरेर पठाइएको हुनेछ ।




३. इमेलमा दिइएको लिङ्कमा क्लिक गरेर खुलेको फारममातपाईले इमेलमा पठाइएको विवरणहरू जस्ताको तस्तै हाल्नु पर्नेछ ।

- पहिलो बक्समा आफ्नो इमेल वा मोबाइल नम्बर राख्नुहोस् ।
- दोस्रो बक्समा भेरिफिकेसन कोड हाल्नुहोस् ।

यदि तपाईले दिनुभएको विवरण गलत भएमा तपाईको खाता प्रमाणित नभएसम्म तपाईले त्यसपछिका कार्यहरू गर्न पाउनुहुने छैन ।



४. तपाईले आफ्नो खाता प्रमाणित गरिसक्नु भएपछि आफ्नो बरेमा प्रोफाइल तयार गर्नु पर्ने हुन्छ । त्यसको लागि व्यक्तिगत विवरणमा गएर आफ्नो सम्पूर्ण जानकारीहरू क्रमैसँग हाल्नुहोला ।

यदि तपाईले आफ्नो बारेमा विवरणहरु खुलाउनु भएन भने प्रवेशपत्र प्राप्त गर्न सक्नु हुन्न ।









शैक्षिक योग्यतामा तपाईले पालैपालो आफ्नो सम्पूर्ण योग्यताको विवरण हल्दै जानको लागि विवरण हालीसकेपछि सुरक्षित गर्नुहोस् भन्ने बटनमा क्लिक गर्नुहोस् । सम्पूर्ण शैक्षिक योग्यताहरुराखिसक्नु भएपछि अगाडि बढ्नुहोस मा थिच्नुहोस् ।




तपाईलेलिनुभएका सम्पूर्ण तालिमहरुको विवरण पनि शैक्षिक विवरण जस्तै गरि हाल्दै जानुहोस् । सम्पूर्ण विवरणहरु राखि सक्नुभएपछि अगाडि बढ्नुहोस् ।




यदि तपाई कुनै किसिमको काउन्सिलमा दर्ता हुनुहुन्छ भने उक्त काउन्सिलको विवरण पेश गर्नु पर्नेछ । तर कतै दर्ता हुनुहुन्न भने यो विवरण पेश गर्नु पर्दैन ।



तपाईले पहिले कतै काम गरेको अनुभव छ भने क्रमैसँगअनुभवहरु राख्दै जानुहोस् । सम्पूर्ण अनुभवहरुको विवरण राखि सक्नुभएपछि अगाडि बढ्नुहोस् ।




**शैक्षिक सेवाको लागि आवेदन दिनको लागि कृति विवरण अनिवार्य छ ।** यहाँ पाँच प्रकारका कृति विवरणहरु उपलब्ध छन् र तपाईले पेश गर्नुभएको कृति विवरण कुन वर्गमा पर्दछ त्यो वर्ग छान्नको लागि चित्रमा देखाएको पहेँलो ठाउँमा थिच्नुहोस् र शिर्षक छान्नुहोस् ।



पछि प्रवेशपत्रको लागि आवश्यक पर्ने भएकोले तपाईले आफ्नो नागरिकताको फोटो, पासपोर्ट साइज फोटो र हस्ताक्षरको फोटो अनिवार्य हाल्नु पर्नेछ । यदि नहालिएमा प्रवेशपत्र प्रदान गर्न सकिने छैन । साथै अन्य प्रमाणपत्र पनि छन भने हाल्नु पर्नेछ ।



# प्रकाशित पदको विज्ञापनमा आवेदन दिने ता

१. नेपाल खुल्ला विश्वविद्यालयले प्रकाशित गरेको विज्ञापनहरू हेर्न प्रकाशित विज्ञापनहरूमा थिच्नुहोस् ।




२. कुनै पदमा आवेदन दिन Apply मा थिच्नुहोस् ।

- शैक्षिक सेवाको लागि मात्र (प्रशासन सेवाको लागि आवेदन दिन **कृति विवरण** आवश्यक छ)

यदि कृति विवरणहरू पहिले नै नहालेको भएमा Apply मा थिच्नुभएपछि पुनः कृति विवरण नभेटिएकोले कृति विवरण हल्ने ठाउँमा तपाइलाई पठाइनेछ ।



शैक्षिक सेवाको लागि आवेदन दिँदा आफ्ना प्रकाशित कृतिहरू पनि छान्नु पर्नेछ ।




३. शैक्षिक सेवा अन्तर्गत कृति विवरण छानिसकेपछि तपाईले आवेदन दिने सिटहरू छान्नु पर्नेछ । यो फारम शैक्षिक वा प्रशासन सेवा दुवैले भर्नु पर्नेछ । यहाँ तपाईले छान्नुभएको सिट अन्तर्गतको प्रमाणपत्र पेस नभएमा तपाईले उक्त सिट छान्न सक्नुहुने छैन । यसो भएको खण्डमा पुनः व्यक्तिगत विवरणमा गएर फोटो अप्लोड गर्ने ठाउँबाट प्रमाणपत्र पेश गर्न सक्नुहुनेछ ।



४. बुँदा नम्बर ३ मा फारम भर्दा देखाए बमोजिमको रकम जम्मा भएको बैंकभौचरतपाईले हाल्नु पर्नेछ ।




बिल भुक्तानीको फोटो पेश गरिसकेपछि तपाईको आवेदन प्रकृया पुरा हुन्छ ।

# आवेदित पदको अवस्था बारे जानकारीको लागि

१. तपाईले आवेदन पेश गर्नुभएको पदहरुको विवरण हेर्न आवेदित पदमा थिच्नुहोस् ।




२. यदि तपाईको आवेदन स्वीकृत भएमा तपाइलाइ तलको जस्तै इमेल आउने छ । साथै आवेदितपदहरुको विवरणमा पनि अवस्थामा Approved भनेर देखाउने छ ।




३. यदि तपाइको आवेदन अस्वीकृत भएमा तपाइलाइ तलको जस्तै इमेल आउने छ । साथै आवेदितपदहरुको विवरणमा पनि अवस्थामा Rejected भनेर देखाउने छ ।

